जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

जानकी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ७ संख्या : ६ मिति २०८०/०९/११

भाग-२

## स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८०

प्रमाणीकरण मिति : २०८०/०७/२४

प्रस्तावना : राष्ट्रसेवक कर्मचारीको मनोबल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारिता ल्याउन जानकी गाउँपालिकाको व्यवस्था गर्न वाञ्छनीय भएकोले, जानकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी जानकी गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१.संक्षिप्त नाम र प्रारम्भ : (१) यो कार्यविधि को नाम "स्थानीय सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।



CamScanner

२. परिभाषा : बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा -

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्न गठित सिफारिस समितिको अध्यक्षलाई सम्झनु पर्छ।

(ख) उपाध्यक्ष" भन्नाले जानकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले जानकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(घ) "कर्मचारी" भन्नाले जानकी गाउँपालिकामा कार्यरत स्थायी, अस्थायी र करार सेवाका कर्मचारी सम्झनु पर्छ।

(ङ) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ।

(च) "समिति" भन्नाले यस कार्यविधिको दफा ५ बमोजिमको समिति सम्झनु पर्छ।

३. पुरस्कारको किसिम : (१) जानकी गाउँपालिकाले स्थानीय सेवामा कार्यरत देहाय अनुसारको राष्ट्रसेवक कर्मचारीहरुलाई सम्मान-पत्र र गाउँकार्यपालिकाले तोकिए बमोजिमका नगद पुरस्कार प्रदान गर्न सक्नेछ।

| क्र.सं. | पुरस्कारको नाम | सङ्ख्या | पुरस्कारको रकम रु. |
|---|---|---|---|
| १. | उत्कृष्ट कर्मचारी पुरस्कार, अधिकृत तह | १ जना | |
| २. | उत्कृष्ट कर्मचारी पुरस्कार, सहायक तह | १ जना | |
| ३. | उत्कृष्ट कर्मचारी पुरस्कार, श्रेणीविहीन तह | १ जना | |
| ४. | उत्कृष्ट कर्मचारी पुरस्कार, वडा तह | १ जना | |
| ५. | उत्कृष्ट कर्मचारी पुरस्कार, स्वास्थ्य सेवा | १ जना | |
| ६. | उत्कृष्ट कर्मचारी पुरस्कार, शिक्षा क्षेत्र (विद्यालयबाट) | १ जना | |
| | जम्मा | ६ जना | |



(२) जानकी गाउँपालिकाले स्थानीय तहमा कार्यरत देहाय अनुसारको विषय क्षेत्र समेट्ने गरी व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान-पत्र र गाउँकार्यपालिकाले तोकिए बमोजिमको नगद पुरस्कार प्रदान गर्न सक्नेछ।

| क्र.सं. | पुरस्कारको विधा | क्षेत्र/समूह | नाम थर | ठेगाना | पुरस्कार रकम | सङ्ख्या |
|---|---|---|---|---|---|---|
| १. | कृषि/पशु | कृषक समूह वा व्यवसायिक तरकारी खेती गर्ने कृषक | | | | |
| | | व्यवसायिक पशुपंक्षी पालन गर्ने फर्म | | | | |
| २. | राजश्व | सबैभन्दा बढी कर तिर्ने | | | | |
| ३. | योजना तथा पूर्वाधार | समयमै गुणस्तरीय काम गर्ने निर्माण व्यवसायी | | | | |
| ४. | | स्वयंसेविका | | | | |

(३) दफा ३ को उपदफा (१) बमोजिम प्रदान गरिने पुरस्कारको हकमा दफा ४ को उपदफा (१) बमोजिम मापदण्डहरु लागू हुनेछ भने दफा ३ को उपदफा (२) बमोजिम प्रदान गरिने पुरस्कारको हकमा उम्मेदवार छनौटका लागि सम्बन्धित विषयगत समितिले सिफारिस गरे बमोजिम हुनेछ।

४. पुरस्कार सिफारिसका आधार : (१) समितिले देहायको वार्षिक रुपमा पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, भौगोलिक अनुभव, कार्यकुशलता, व्यवसायिकता, नेतृत्वशैली, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहाय बमोजिमका आधार लिनुपर्नेछ।

तपसिल :

| क्र.सं. | विषयवस्तु | अंक भार |
|---|---|---|
| १. | समयको परिपालना – कार्यालय आईपुग्ने र छोड्ने समय | ६ |
| २. | विदा बसेको/नबसेको | ५ |
| ३. | मासिक रुपमा प्रतिवेदन पेश गरेको/नगरेको | १२ |
| ४. | अतिरिक्त समय कार्यालयको काममा खटिएको/नखटिएको | ५ |
| ५. | निजको नाममा व्यक्तिगत बेरुजु नदेखिएको र यस अघि कुनै बेरुजु रहेकोमा सो फछर्यौट भैसकेको | ५ |



CS CamScanner

| | | |
|---|---|---|
| ६. | नियमित रुपमा पोशामा उपस्थित भएको/नभएको | ५ |
| ७. | अनुशासन र सेवाग्राहीप्रतिको व्यवहार/सेवाग्राही मुस्कुराउने सेवा दिएको/नदिएको | ५ |
| ८. | घटना दर्ता तथा राजश्व संकलनमा उल्लेखनीय काम गरे/नगरेको | ५ |
| ९. | रचनात्मक सुझावहरु र सकारात्मक सोचहरु राखी कामकाज गरे/नगरेको | ५ |
| १०. | विना स्वीकृति वा जानकारी कार्यालयमा उपस्थित हुने गरे/नगरेको | ५ |
| ११. | कार्यालयको गोपनीयता भङ्ग गरे/नगरेको | ५ |
| १२. | प्रदान गरिएको जिम्मेवारी समयमा सम्पन्न गरे/नगरेको | ५ |
| १३. | नियमित कार्य सहजीकरण बैठकमा उपस्थित भए/नभएको | ६ |
| १४. | शाखागत रुपमा वा वडागत रुपमा खर्चको प्रगति प्रतिशत | १० |
| १५. | पुरस्कृत हुने कर्मचारी सम्बन्धमा कुनै गुनासो आए/नआएको | ५ |
| १६. | कार्यालय प्रति अपनत्व भई समन्वयात्मक कार्यमा सरिक भए/नभएको | ५ |
| १७. | स्रोत व्यवस्थापनमा मित व्ययिता | ६ |
| | जम्मा | १०० |

**५. सिफारिस समिति : (१) पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ ।**

**(क) स्थानीय सरकार अन्तर्गत स्वीकृत दरबन्दीमा कार्यरत अधिकृतस्तर सातौं तह वा सो सरहसम्मका कर्मचारीहरुलाई पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको समिति रहनेछ :**

| क्र.सं. | विवरण | पद |
|---|---|---|
| १. | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| २. | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. | सुशासन तथा संस्थागत समितिको संयोजक | सदस्य |
| ४. | लेखा समितिको संयोजक | सदस्य |
| ५. | गाउँ कार्यपालिकाले तोकेको कार्यपालिका सदस्य २ जना | सदस्य |
| ६. | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |



**(ख) समितिले बैठक सम्बन्धी कार्यविधि आफै निर्धारण गर्नेछ ।**

**(ग) बैठकको लागि विशेषज्ञ सेवा आवश्यक पर्ने भएमा विज्ञ, सहायक कर्मचारी र सहयोगी कर्मचारी सहित बढीमा ३ जना सम्मलाई आमान्त्रित गरी बैठकमा सहभागी गराउन सकिनेछ ।**

**६. पुरस्कारको सिफारिस तथा निर्णय : (१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :**

**(क) पुरस्कारको लागि सिफारिस गरिने कर्मचारी कार्यरत कार्यालय प्रमुखले अनुसूची-१ बमोजिमको फाराम सम्बन्धित कर्मचारीबाट भराई विवरण प्रमाणित हुने कागजात संलग्न राखी प्रमाणित गरी गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस साथ पौष मसान्तसम्म पठाउनु पर्नेछ ।**

**(ख) अध्यक्षले मातहतका निकायबाट खण्ड (क) बमोजिम प्राप्त सिफारिस तथा आफ्ना कार्यालयका कर्मचारीहरुको मूल्याङ्कन गरी दफा ५ बमोजिमको संख्यामा ननाघ्ने गरी माघ महिनाको पहिलो हप्ताभित्र समितिको सचिवालयमा सिफारिस गरी पठाउनु पर्नेछ ।**

**(ग) समितिले प्राप्त सिफारिस र प्रस्तावित पुरस्कार समेत विचार गरी उपयुक्त ठहऱ्याएको कर्मचारी र पुरस्कार सिफारिस गरी माघको चौथो हप्ताभित्र गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्नुपर्नेछ ।**

**(२) स्थानीय सरकारले समितिबाट प्राप्त नाम समेतलाई विचार गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने गरी कार्यपालिकाबाट निर्णय गर्न सक्नेछ ।**

**७. पुरस्कार वितरण : (१) पुरस्कारका लागि आवश्यक रकम जानकी गाउँपालिकाको सालबसाली बजेटमा व्यवस्था गरिनेछ ।**

**(२) प्रत्येक आ.ब. को अन्तिम त्रैमासिकमा पुरस्कार घोषणा गरी उपयुक्त समयममा वितरण गरिनेछ ।**

अनुसूची-१

(दफा ६ को उपदफा (१) खण्ड (क) सँग सम्बन्धित)

## स्थानीय सेवा पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्ट्याई गर्ने प्रमाणित कागजात सहित स्थानीय सेवा पुरस्कारको सिफारिसका लागि पेश गरेको छु।

१. कर्मचारीको नाम थर :
   संकेत नं. :
२. हालको पद :
   कार्यरत कार्यालय :
३. स्थानीय सेवाको स्थायी पदमा प्रवेश गरेको मिति :
४. स्थानीय सरकारको सेवामा प्रवेश गरेको मिति :
५. भौगोलिक अनुभव :
६. स्थानीय सेवामा .................... वर्ष काम गरिसकेको छु। स्थानीय सरकार मातहत .......... वर्ष सेवा गरिसकेको छु।
७. मैले विभागीय सजाय पाएको छैन।
८. सम्पत्ती विवरण नियमित रुपमा पेश गरेको छु।
९. मेरो नाममा व्यक्तिगत बेरुजु छैन।
१०. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु।
११. (क) मैले असाधारण विदा लिएको छैन।
   (ख) मैले मिति ............... मा .............. दिन असाधारण विदा लिएको छु।
   (ग) मैले अध्ययन विदा लिएको छैन।
   (घ) मैले ............. मितिमा .............दिन अध्ययन विदा लिएको छु।
१२. म गयल कट्टीमा परेको छैन।
१३. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नुपर्ने बेरुजु छैन।

उक्त व्यहोरा सत्य हो। पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्नेछु।

निवेदक
दस्तखत :
कर्मचारीको नाम थर :
मिति :



देहायका आधारमा निवेदक कर्मचारी ........... लाई पुरस्कारको लागि सिफारिस गरेको छु।

(क)
(ख)
(ग)

सम्बन्धित कार्यालयको प्रमुखको
दस्तखत :
नाम थर :
दर्जा :
मिति :

कार्यालयको छाप

आज्ञाले
आशिष चौधरी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner